# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ १ गते

### भूकम्प प्रभावित केही जिल्लाहरुका वस्ती पहिरोको जोखिममा ।

राष्ट्रिय मानव अधिकार आयोगबाट तीन जिल्लामा गएको अनुगमन टोलीले भूकम्पका कारण जमिन फाटेर बस्ती बग्न सक्ने सम्भावना रहेकाले तत्कालै ती बस्तीहरुलाई सुरक्षित स्थानमा बासको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराएको छ ।

आयोगका सदस्य गोविन्द शर्मा पौड्यालको नेतृत्वमा रामेछाप, ओखलढुङ्गा र सोलुखुम्बु गएको अनुगमन टोलीले ओखलढुङ्गाको पराप्चा गाविस र हर्कपुर गाविस, रामेछापको खिम्ती र भुजी गाविसका केही वडाहरूका वस्तीहरू असुरक्षित रहेको ती स्थानका वस्तीहरुलाई अन्यत्र सार्न सरकारको ध्यानाकर्षण गराइएको हो ।

तत्कालै यी बस्तीहरुलाई अन्यत्र सुरक्षित स्थानमा नसारीए बर्षाको समयमा ति बस्तीहरूमा पहिरो जानसक्ने जोखिम रहेको आयोगको निष्कर्ष छ । भूकम्पले ती जिल्लाहरुका अधिकांश घरहरुमा क्षति पुगेकाले त्रिपाल समेत नपाएर नागरिकहरु खुल्ला आकाशमुनी बसीरहेका आयोगको अनुगमनबाट देखिएको छ ।

भूकम्प प्रभावित जिल्लाहरूमा राहत तथा पुनर्स्थापना कार्यक्रममा सबै समुदायको सहज पहुँच पुग्न नसकेकाले यस तर्फ सरकारको ध्यान जान जरुरी रहेको आयोगको भनाई छ । भौगोलिक विकटताका कारण राहत सामग्रीहरु प्रभावित क्षेत्रमा पुरयाउन कठिनाइ भएकोले हेलीकोप्टरको तत्काल व्यवस्था गरी पुरयाउन आयोगले सम्वन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

साथै अनुगमनका क्रममा रामेछाप स्थित जिल्ला जनस्वाथ्य कार्यालय पूर्ण रुपमा क्षति भई एक्सरे मेशिन समेत बिग्री काम नगर्ने अवस्थामा रहेको, बिरामीलाई पालमा राखी उपचार दिई रहेको अवस्थामा भेटिएको छ ।

भूकम्पका कारण ओखलढुंगा र रामेछापको कारगार भत्किई बन्दी र सुरक्षाकर्मी घाइते भएकाले तत्काल सुरक्षित बसोबासको व्यवस्था गर्न समेत आयोगले सरकारको ध्यानाकर्षण गराएको छ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता